# संविधानमा हाम्रो सरोकार

भाग ३, २०७१ साल, पौष



## हाम्रो भन्नु

राज्य पुनर्संरचना अर्थात् संघीय संरचना, शासकीय स्वरुप, राज्य शक्तिको बाँडफाँट, निर्वाचन पद्धति, न्याय प्रणाली, मौलिक अधिकार आदि आदिवासी जनजातिका लागि विशेष सरोकारका विषयहरू हुन् । साथै यी विषयहरू संविधानसभाभित्र विवादित विषयका रुपमा रहेका विषयहरूमध्येमा पनि पर्दछन् । नेपालका आदिवासीहरूले लामो समयसम्मको शोषण, विभेद र उत्पीडनबाट मुक्तिका लागि पहिचानमा आधारित संघीय राज्य प्रणालीको माग गरिरहेका छन्, जो लोकतान्त्रिक व्यवस्था, आदिवासीहरूको अधिकारका सम्बन्धमा निर्माण भएका अन्तर्राष्ट्रिय मानवअधिकारका दस्तावेजहरू जस्तै UNDRIP, ILO C.169 लगायतका मानवअधिकारका दस्तावेजले दिएको अधिकारमा आधारित छन् । तर, तथाकथित यथास्थितिवादी केही बुद्धिजीवि तथा राजनीतिककर्मीहरू आदिवासी जनजातिहरूको मागलाई जातीय, साम्प्रदायिक र विखण्डनकारीको बिल्ला भिराउँदै उनीहरूमाथिको विभेद र उत्पीडनलाई जस्ताको तस्तै राख्ने प्रयासमा छन्, जुन लोकतन्त्र र शान्ति प्रक्रियाको विलकूल खिलाफमा छ ।

नेपालको अन्तरिम संविधान, २०६३ ले नेपाल संघीय शासन व्यवस्था लागू गर्ने उद्घोष गरेपश्चात् संविधानसभाद्वारा निर्माण हुन गइरहेको संघीय व्यवस्था यतिबेला निक्कै विवादित बनेको अवस्था छ । त्यसकारण विभिन्न देशहरूमा भएका अभ्यास तथा प्रयासहरूबारे गहन र घनीभूतरुपमा छलफल गर्न आवश्यक देखिन्छ । अतः नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)ले विश्वको विभिन्न देशमा भएको अभ्यास समेतलाई केलाएर संविधान निर्माण प्रक्रियामा सहयोग पुऱ्याउने उद्देश्यकासाथ 'संविधानमा हाम्रो सरोकार' प्रकाशन गर्ने जमर्को गरेको हो । यस प्रकाशनको यो तेस्रो संस्करणमा प्रा. डा. कृष्ण हाछेथुद्वारा लिखित राज्य पुनर्संरचनाको विषयलाई समावेश गरिएको छ । यहाँ विशेष गरी संघीय शासन प्रणालीमा आदिवासीहरूको अधिकार सुनिश्चितताको सवाल र कुन प्रकारको संघीय व्यवस्था भएमा न्यायपूर्ण समाजको निर्माण हुन्छ भन्ने कुरा समावेश छ । यस महत्वपूर्ण बौद्धिक सामग्री उपलब्ध गराउनु भएकोमा प्रा. डा. हाछेथुलाई लाहुर्निप हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

# राज्यको पुनर्संरचनामा संघीय विवाद

● प्रा.डा. कृष्ण हाछेथु ●

संघीय नेपाल निर्माणमा प्रमुख विवादास्पद विषय भनेको प्रदेशको संरचना कसरी गर्ने भन्ने हो । उठान जातीय संघीयताको मागबाट भएको हो । तर त्यसको बैठान प्रशासनिक संघीयतामा पुऱ्याउन खोजिएको छ । नेपालको सन्दर्भमा यी दुवै अतिवाद हो । जातीय संघीयताको मागले बाहुन/क्षेत्रीको जातित्व कठोर रुपमा सडकमा प्रकट भयो भने प्रशासनिक संघीयताले भूमिपुत्र (भूमिसन्तान)ले संघर्ष निम्त्याउने खतरा छ ।

**समितिद्वारा पारित १४ प्रदेशको खाका**




नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसाँस्कृतिक देश हो । १,४७,१८१ वर्ग किलोमिटरमा फैलिएको नेपाल भौगोलिक विभिन्नता र जातीय विविधता भएको मुलुक हो । भौगोलिक आधारमा नेपाल हिमाल, पहाड र तराई तीन क्षेत्रमा विभाजित छ । भौगोलिक विभिन्नता केही हदसम्म सामाजिक विविधतासँग मेल खान्छ । हिमाल क्षेत्रमा हिमाली जनजातिको बसोवास छ; पहाडमा पहाडी जात समूह र जनजातिहरू बसोवास गर्दछन् र मधेशमा तराई मूलका जात समूह र जनजाति बहुसङ्ख्यक छन् । २०६८ को जनगणना अनुसार नेपालमा १२५ जातजाति र १२३ भाषिक समुदाय छन् । देशको कूल जनसङ्ख्याको लगभग आधाले नेपाली खस भाषालाई मातृभाषा मानेका छन् भने बाँकी आधा जनसङ्ख्याको आ-आफ्नै मातृभाषा छ । तीन चौथाइभन्दा बढी नेपालीहरू हिन्दू धर्मावलम्बी छन् भने बाँकी बौद्ध, इस्लाम, किरात, ईसाइ, जैन आदि छन् । नेपालका सबै जातजातिलाई ३ प्रमुख पहिचान बोकेका समूहमा विभाजित गरेर हेर्न सकिन्छ ।

(१) खस आर्य (पहाडी मूलका बाहुन, क्षेत्री, ठकुरी, दशनामी र दलित) कूल जनसङ्ख्याको ३८% ।

(२) मधेशी (तराई मूलका हिन्दू जात समुदाय, जनजाति र मुस्लिम) कूल जनसङ्ख्याको ३१% ।

(३) जनजाति (तराई जनजाति बाहेक) कूल जनसङ्ख्याको ३१% ।

मूलतः दुईवटा कारणले नेपाल संघीय राज्यमा रूपान्तरित हुनु परेको हो । पहिलो कारण- नेपाल जातीय, भाषिक, धार्मिक र क्षेत्रीय आधारमा विभेद भएको मुलुक हो । तसर्थ यहाँ सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा जातजातिगत असमानता छ । नेपालको मानव विकासको सूचकाङ्क, शासनको सूचकाङ्क र गरिबीको सूचकाङ्कले यस देशका सामाजिक समूहहरूबीच असमान स्थिति रहेको देखाउँछ । पहाडी उच्च जातमा पर्ने बाहुन, क्षेत्री, ठकुरी र दशनामी प्रभुत्वशाली वर्गमा पर्छ भने जनजाति (नेवार बाहेक), मधेसी (बड्का जात बाहेक) र दलित बहिष्कृत वर्गमा पर्छ । यो विभेद र असमानतालाई हटाउन एकात्मक र केन्द्रीकृत राज्य प्रणालीको अन्त्य आवश्यक छ ।

नेपाल संघीय प्रणालीमा जानुपर्ने दोस्रो कारण- जातीय, भाषिक र क्षेत्रगत पहिचानलाई राजनीतिक संरचनामा ढालेर नयाँ धरातलमा सामाजिक सहिष्णुता, राजनीतिक स्थिरता, आर्थिक विकास, क्षेत्रीय अखण्डता र राष्ट्रिय एकतालाई मजबूत र बलियो बनाउनका निम्ति हो । किनभने सामाजिक विविधताको व्यवस्थापनका लागि संघीयतालाई उच्चतम प्रणाली मानिन्छ । जनजाति र मधेश आन्दोलनका सन्दर्भमा जन्मिएको संघीयतालाई एकातिर लामो समयसम्म रहेको सामाजिक बहिष्करणको समस्यालाई हल गर्ने उत्तम माध्यम मानिएको छ भने अर्कातिर यसले सामाजिक बहुलता र विविधता अनुरूपको राजनीतिक सन्तुलन खोजेको छ । यी वाञ्छित उद्देश्य प्राप्त गर्न कस्तो मोडल उपयुक्त हुन्छ ? जातीय संघीयता कि प्रशासनिक संघीयता ? कि पहिचानमा आधारित संघीयता ? यस विषयमा राजनीतिक दलहरूबीच र सरोकारवाला सामाजिक समूहहरूबीच ठूलो मतमतान्तर रहेको छ ।

## जातीय संघीयता

पहिचान, पहुँच र प्रतिनिधित्वको साझा सवाललाई स्थापित गर्न, तर अलग अलग रूपमा सञ्चालन भएको जनजाति र मधेश आन्दोलनको पृष्ठभूमिमा नेपालमा संघीयताको माग उठेको हो । विचार र मागका दृष्टिकोणबाट हेर्दा संघीयताको पहिलो पुस्ता भनेको जातीय स्वशासन हो । जनजाति संघ-संस्था र त्यसका अगुवाहरू स्वभावतः जातीय संघीयताको पक्षमा छन् । जातीय संघीयताको खोजको शुरुवात ऐतिहासिक भूमिको पहिचानबाट हुने गर्छ । नेपालको भौगोलिक एकीकरण हुनुअघि आदिवासी जनजातिका आ-आफ्नै राज्यहरू थिए । अठारौं शताब्दीसम्म पूर्वी नेपालमा लिम्बू र किरात राज्य थियो भने काठमाडौं उपत्यकामा नेवाः राज्य । त्यसभन्दा अगाडि उपत्यका वरपर ताम्सालिङ राज्य, पश्चिम नेपालमा मगर राज्य र तमू राज्य रहेका थिए । कर्णाली नदीदेखि पश्चिम पहाडमा खस राज्य थियो । त्यस समयमा राज्यको संरचना आधुनिक प्रणालीबाट नभई राजा रजौटा प्रथाका आधारमा हुने गर्दथ्यो । ऐतिहासिक भूमिको दाबीको क्रममा प्रदेश निर्माण गर्ने सवालमा ऐतिहासिक लिम्बुवान, किराती संस्कृति समेटिएको किरात प्रदेश, एक मधेश एक प्रदेश, अखण्डित ताम्सालिङ, बृहत्तर नेपाल मण्डल, बूढीगण्डकी र कालीगण्डकी बीचको तमुवान, मगर सभ्यताले ओगटेको मगरात, खसान आदि कुराहरू आए ।




**राज्य पुनर्संरचना सुझाव उच्चस्तरीय आयोगद्वारा प्रस्तुत प्रदेशको खाका**

२०६२/०६३ को दोस्रो जनआन्दोलन पछिको माहोल जातीय संघीयताको पक्षमा थियो । बदलिंदो परिस्थितिमा समावेशी लोकतन्त्र अनुरूप राज्यको पुनर्संरचना गर्ने कुरा नेपालको राष्ट्रिय एजेन्डा बन्यो । राज्यको पुनर्संरचना गर्ने क्रममा नेपाललाई **धर्मनिरपेक्ष** राज्य भनेर घोषणा गरियो । बहिष्कृत समुदायका लागि आरक्षणको व्यवस्था गरियो र समानुपातिक समावेशी निर्वाचन पद्धति अंगालियो । कूल ६०१ संविधानसभा सदस्यमध्ये समानुपातिकबाट पूर्ति गरिने ३३५ सदस्य जातीय कोटाका आधारमा यस प्रकार वितरण गर्ने प्रावधान थियो :

- मधेशीका लागि ३१%
- आदिवासी जनजातिका लागि ३७%
- दलितका लागि १३%
- पीछडिएका क्षेत्रका लागि ४%
- बाहुन/क्षेत्री/ठकुरी र सन्यासीका लागि ३०%


साथै नयाँ संविधानमा नेपाल संघीय राज्य बनाउने प्रतिबद्धता व्यक्त गरियो । संघीय संरचनासहितको समावेशी लोकतन्त्रको अर्थ राजनीतिमा पहाडी उच्च जातिको बाहुल्यको अन्त्य र बहिष्कृत समुदायको (जस्तै जनजाति, मधेशी तथा दलित) यथोचित हिस्सा भनेर बुझियो । मिश्रित निर्वाचन पद्धति अंगाली सम्पन्न भएको संविधानसभाको निर्वाचनको परिणामले यसै कुरालाई स्थापित गऱ्यो । वास्तवमा लिम्बुवान, किरात, ताम्सालिङ, नेवा, तमुवान, मगरात, थरुवान, मधेश नामक प्रदेशको गर्भधारण संविधानसभाको निर्वाचन अघि नै भइसकेको थियो, जुनबेला (जनवरी, २००७ मा अन्तरिम संविधानको घोषणा भएदेखि अप्रिल, २००८ मा सम्पन्न संविधानसभाको निर्वाचनसम्म) तत्कालीन अन्तरिम सरकारले विभिन्न आदिवासी जनजाति समूह र क्षेत्रीय राजनीतिक शक्तिहरूसँग सम्झौताहरू गऱ्यो । यसभन्दा पनि अगाडि जाने हो भने माथि उल्लिखित प्रदेशहरू भिन्न प्रकृतिमा माओवादी युद्धकालमै अस्तित्वमा आइसकेका थिए । युद्धकालमै नेकपा (माओवादी) ले जाति र क्षेत्रलाई आधार मानेर ९ वटा स्वायत्त क्षेत्र स्थापना गरी प्रयोगमा ल्याएको थियो । जनजाति र मधेशी आन्दोलनको क्रममा देखा परेका अधिकांश मुद्दाहरू जातीय संघीयतासँग मेल खान्छन्, जस्तैः

- ऐतिहासिक भूमिको आधारमा प्रदेशको रचना,
- प्रदेशमा भूमिसन्तानका लागि राजनीतिक अग्राधिकार,
- जल, जङ्गल र जमीनमाथि रैथानेको प्रथम अधिकार,
- आत्मनिर्णयको अधिकारसहितको स्वायत्त प्रदेश ।

राजनीतिक दलमा एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) र गैरदलीय संस्थामा नेपाल आदिवासी जनजाति महासंघले जाति र क्षेत्रका आधारमा प्रदेश निर्माण गर्नुपर्दछ भन्ने दृष्टिकोणको नेतृत्व गर्दछन् । नेपाल आदिवासी जनजाति महासंघको भनाई यस्तो छ "संघात्मक लोकतान्त्रिक गणतन्त्रको आधार जाति, भाषा र क्षेत्र हुनै पर्दछ र संविधानसभाले नयाँ संविधानमा आत्मनिर्णयको अधिकारसहित जातीय स्वायत्तता सुनिश्चित गर्नै पर्दछ र सहायक आधारहरू जनसङ्ख्या, भौगोलिक क्षेत्रको क्षेत्रफल, स्रोतसाधन हुन सक्छन् । तर यी सहायक आधारलाई मूल आधार बनाइनु हुँदैन ।" त्यस्तै नेकपा (माओवादी) ले संविधानसभाको निर्वाचनको बेला ल्याएको चुनावी घोषणापत्रमा आफ्नो दृष्टिकोण स्पष्ट गरेको छः "नेपालमा संघीय संरचनाको मुख्य आधार के हुन सक्छ ? यसबारे थुप्रै बहश हुँदै आएको भए पनि सापेक्ष रूपले बढी वैज्ञानिक र व्यवहारिक आधार जातीय र क्षेत्रीय पहिचान नै हो भन्ने हाम्रो ठहर छ । यहाँ जातीय भन्नाले प्रजाति वा नश्ल वा जातपात नभएर साझा भाषा, साझा भूगोल, साझा अर्थतन्त्र र साझा मनोवैज्ञानिक बनोट भएका मानिसहरूको स्थिर समूह वा राष्ट्रियताको अर्थमा हो भनेर बुझ्नु आवश्यक छ ।" तर प्रदेशको खाका प्रस्तुत गर्दा राष्ट्रियतालाई जातिसँगै जोडियो । प्रस्तावित प्रदेशहरूमा क्षेत्रीय आधारमा गठन गरिएका सेती-महाकाली राज्य र भेरी-कर्णाली राज्य, तथा जातीय आधारमा निर्माण गरिएका मगरात, थारूवान, तमुवान, नेवा, ताम्सालिङ, किरात, कोचिला र मधेश । जातीय आधारमा निर्माण भएका दलहरू जस्तैः राष्ट्रिय जनमुक्ति पार्टी, संघीय लोकतान्त्रिक राष्ट्रिय पार्टी, नेपाः राष्ट्रिय पार्टी स्वभावतः जातीय प्रदेश निर्माणको पक्षमा छन् ।

पछि, क्रमशः जातीय संघीयताको माग ओझेलमा पर्दै गयो । यसो हुनुमा धेरै कारणहरू छन् । एक, ऐतिहासिक भूमिको आधारमा प्रदेश निर्माण गर्न सक्ने अवस्था थिएन । किनभने इतिहास विवादास्पद विषय हो । हरेक जनजाति संस्थाले आ-आफ्नो ऐतिहासिक भूमि भनेर जुन दावा गरेका छन्, त्यो आधुनिक राज्य निर्माण अगाडिको समय थियो, त्यो बेला सीमाना स्थिर थिएन । शासक बलियो हुँदा सीमाना तन्किन्थ्यो भने कमजोर हुँदा खुम्चिन्थ्यो । स्वायत्तताको मात्रा पनि एकै खालको थिएन । तत्कालीन केन्द्रीय सत्ता बलियो

**हालै ने.कां. तथा एमाले पार्टीद्वारा प्रस्तुत प्रदेशको खाका**




हुँदा स्थानीय शासक केन्द्रीय सत्ताको एजेन्ट मात्र हुन्थ्यो भने केन्द्रीय सत्ता कमजोर हुँदा स्थानीय शासकको हैकम बढ्दथ्यो । इतिहास यसकारण पनि विवादास्पद छ कि हरेक जातीय समूहहरूले आफ्ना ऐतिहासिक भूमिको दावा गर्दा त्यो समयलाई लिइएको छ, जुनबेला त्यो समृद्ध थियो । उदाहरणका लागि तामाङ संघसंस्थाले मध्यकालीन मल्ल राजाहरूको राज्य विस्तार र शाहकालीन एकीकरणभन्दा अगाडिको इतिहासलाई आधार मानेर आफ्नो आदिम भूमि दावा गरेका छन् । नेवार संघसंस्थाले आफ्नो ऐतिहासिक भूमि भनेर त्यस अवस्थालाई ल्याएको छ, जुनबेला तामाङले दावा गरेका अधिकांश भूमि नेपाल मण्डलभित्र गाभिसकेका थिए । यस्तो अवस्थामा प्रदेश-प्रदेशबीचको सीमाको सवालमा इतिहास समस्याको कारण हुन जान्छ, समाधानको उपाय हुँदैन ।

दुई, जातीय संघीयताको आवाज मधुरो हुँदै जानुको अर्को कारण के हो भने यसका पक्षधरहरू पछि गएर आ-आफ्ना ऐतिहासिक भूमिमा अहिलेको जातजातिगत मानव भूगोल र त्यसको सम्भावित राजनीतिक परिणतिबाट झस्किन पुगेको देखिन्छ । लिम्बूवानको आदिम भूमिमा अहिले लिम्बूभन्दा गैरलिम्बू बढी छन् । त्यस्तै किरातमा राई भन्दा गैरराई, नेवामा नेवारभन्दा गैरनेवार, तमुवानमा गुरुङभन्दा गैरगुरुङ, मगरातमा मगरभन्दा गैरमगरको संङ्ख्या बढी छ । जनजातिहरू आफ्नो ऐतिहासिक थलोमा अल्पसंख्यकमा परिणत हुनुमा बाहिरकाहरू बसाई सरेर आएकाले मात्र होइन, जनजातिहरू पनि अर्को स्थानमा बसाई सरेर गएकाले पनि हो । लगभग आधाजसो राई र नेवारहरू राज्य पुनर्सरचना समितिबाट प्रस्तावित किरात र नेवा प्रदेशको भूगोलभन्दा बाहिर रहेका छन् । त्यस्तै ७९ प्रतिशत शेर्पा ६७ प्रतिशत गुरुङ, ५७ प्रतिशत मगर आ-आफ्नो पहिचानको नाममा बन्ने प्रदेशभन्दा बाहिर बसोवास गर्दछन् । २९ प्रतिशत लिम्बू, २२ प्रतिशत मधेशी र ३७ प्रतिशत थारूको बसोवास पनि सो समूहको पहिचानमा राज्य पुनर्संरचना समितिबाट बनाइएको प्रदेशभन्दा बाहिर छ । समानुपातिक निर्वाचनबाट आफ्नै आदिम भूमिमा अल्पसंख्यकमा परिणत भइसकेका जनजातिको प्रतिनिधित्व प्रादेशिक राजनीतिक संरचनामा न्यून हुने भएकाले जातीय राजनीतिका अगुवाहरू राज्य पुनर्संरचना समितिले प्रतिपादन गरेको एउटा प्रावधानप्रति आकर्षित भए, त्यो हो प्रदेशको सीमाङ्कन गर्दा लक्षित जातिको उपस्थिति बहुसंख्यक वा बाहुल्य हुने गरी गर्ने ।

तीन, जातीय संघीयताको कुरा ओझेलमा पर्दै जानुको अर्को कारण राज्य पुनर्संरचना समितिले प्रदेशको नामाङ्कन र सीमाङ्कनमा जातीय पहिचानलाई महत्व दिनु र जातीय राजनीतिक अग्राधिकारको कुरालाई निश्चित समयावधिसम्मका लागि व्यवस्था गर्नु हो । तर अधिकार र प्रतिनिधित्वसँग सम्बन्धित जातीय संघीयताको कुनै पनि विशेषतालाई राज्य

पुनर्संरचना समितिले आफ्नो मस्यौदामा स्थान दिएन। जहाँसम्म राजनीतिक अग्राधिकारको कुरा छ, यसको खिलाफमा पहाडी जात समूह हुनु अस्वभाविक होइन। प्रदेशको तहमा प्रमुख कार्यकारी पदमा निषेध हुन जाने आदिवासी जनजातिहरू पनि राजनीतिक अग्राधिकारको विपक्षमा उभिएको देखिन्छ। अर्थात् लिम्बुवानमा लिम्बू नै मुख्यमन्त्री हुने व्यवस्थाको विरोधमा अन्य आदिवासी जनजातिहरू उभिएको पाइन्छ। पछि गएर जातीय राजनीतिक अग्राधिकारको प्रावधानलाई राज्य पुनर्संरचना सुझाव उच्चस्तरीय आयोगले झिक्दा पनि त्यसमा खासै विरोध भएन। जातीय पहिचानको कुरालाई समिति र आयोगले प्रदेशको नामाङ्कन र सीमाङ्कनमा सम्बोधन गरिदिनाले पनि जातीय संघीयता सम्बन्धी आवाज घट्न गएको हो। चार, जातीय संघीयताको आवाज मसिनो हुँदै जानुको अर्को महत्वपूर्ण कारण संङ्क्रमण कालको पछिल्लो चरणमा यसको उग्र विरोध हुनु हो। जातीय संघीयताका प्रतिकारका लागि नै बाहुन/क्षेत्री जातित्व पैदा भएको हो। शुरुमा संघीयताप्रति उदासीन आर्य खस समाज अहिले प्रशासनिक संघीयताका लागि संगठित रूपमा सक्रिय भएको देखिन्छ।

## प्रशासनिक संघीयता

करीब ५० वर्षअघि निर्दलीय पञ्चायत व्यवस्थाको प्रादुर्भावसँगै नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरिएको थियो। पछि ५ विकास क्षेत्रको अवधारणा पनि ल्याइयो। जिल्ला, अञ्चल र विकास क्षेत्र भनेको प्रशासनिक विभाजन हो र यो प्रशासनिक विभाजनलाई सम्भव भएसम्म यथास्थितिमै राख्ने, नभए कमसेकम जिल्लालाई नटुक्राईकन प्रादेशिक संरचना गर्नु पर्दछ भन्ने विचार एकथरीको छ। राजनीतिक दलमा नेपाली कांग्रेस र एमाले लगायत केही साना दलहरू र सामाजिक समूहमा खस-आर्य समुदायको चाहना के हो भने विद्यमान भूगोल र बसोवास नबिगारीकन हिमाल, पहाड र तराई समिश्रण भएका प्रदेशहरूको निर्माण होस्। प्रशासनिक संघीयताका पक्षधरहरूले जातीय संघीयता र पहिचानमा आधारित संघीयताबीचको भिन्नतालाई बुझ्न चाहेको देखिँदैन। तसर्थ दुवैलाई एउटै घानमा राखेर त्यसको विरोध गर्ने गरिएको छ। यस अर्थमा प्रशासनिक संघीयताको विचारको बीजारोपण संविधानसभाको निर्वाचनको बेलादेखि देखापरेको हो। यसको झलक संविधानसभामा आफ्नो प्रतिनिधित्व भएका नेपाली कांग्रेस र एमाले लगायत १२ वटा राजनीतिक दलको चुनावी घोषणापत्रमा देखिन्छ। उदाहरणका लागि संविधानसभाको चुनावी घोषणापत्रमा प्रकट नेपाली कांग्रेसको दृष्टिकोणलाई लिन सकिन्छ। "प्रदेश रचनाका प्रमुख आधारहरू नेपालको राष्ट्रिय अखण्डता, भौगोलिक अवस्थिति र अनुकूलता, जनसङ्ख्या, प्राकृतिक स्रोत र आर्थिक सम्भाव्यता, प्रदेशहरूको अन्तरसम्बन्ध, भाषिक/जातीय एवं साँस्कृतिक सघनता, राजनीतिक/प्रशासनिक सम्भाव्यता आदि हुनेछन्"।

प्रशासनिक संघीयताको विचारले त्यस बेलादेखि ठोस आकार लियो, जब संविधानसभाको राज्य पुनर्संरचना तथा शक्ति बाँडफाँट समितिको बहुमतबाट पारित १४ प्रदेशको विकल्पमा ६ प्रदेशको प्रस्ताव आयो। यो वैकल्पिक प्रस्ताव विद्यमान ५ विकास क्षेत्रको विभाजनको सामान्य संशोधित स्वरूप मात्र हो। यहाँनेर के कुरा पनि स्मरणीय छ भने यस ६ प्रदेशका आर्किटेक्ट नरहरि आचार्यले केही वर्ष अगाडि वर्तमान ५ विकास क्षेत्रलाई ५ प्रशासनिक/राजनीतिक स्वायत्त क्षेत्रको रूपमा रूपान्तरित गर्नुपर्ने विचार राख्नु भएको थियो। प्रस्तावित ६ प्रदेशले जातीय पहिचानलाई अस्वीकार गरेको कुरा यसका लागि प्रस्तावित नामले पनि देखाउछ जुन यस प्रकार छ :

(१) श्रीजङ्गा
(२) सिम्रौनगढ
(३) सगरमाथा
(४) गण्डकी
(५) लुम्बिनी
(६) कर्णाली

पछि ७, ८ र ११ प्रदेशका प्रस्तावहरू आए र यी सबैले सैद्धान्तिक रूपमा प्रशासनिक संघीयतालाई नै बोकेका छन्। यस धारलाई पक्षपोषण गर्नका लागि नै अखण्ड चितवन र अखण्ड सुदूर पश्चिमको माग आएको हो। यस्तै माग राखी अरू ठाउँहरूमा पनि केही समय अघि आन्दोलन भएको थियो। हालै बाहुन, क्षेत्री, ठकुरी र दशनामी समुदायले गरेको आन्दोलन पनि यसैसँग जोडिन्छ।

के राज्य पुनर्संरचनाबाट अपेक्षा गरिएको उद्देश्य प्रशासनिक संघीयताको मोडेलबाट प्राप्त हुन्छ ? प्रथमतः ५

विकास क्षेत्र, १४ अञ्चल र ७५ जिल्लाको अवधारणा दुईवटा उद्देश्य प्राप्त गर्न ल्याइएको हो । एक, शक्ति दरबारमा केन्द्रीकृत गर्न र दुई, नेपाललाई एकल साँस्कृतिक मुलुकको रूपमा अगाडि बढाउन । पहिलो उद्देश्य राजतन्त्रको स्वार्थसँग गाँसिएको छ भने दोस्रो उद्देश्यले पहाडी उच्च जातिको वर्चस्व कायम राख्न सघाउ पुऱ्याएको छ । वर्तमान जिल्ला, अञ्चल र विकास क्षेत्रको प्रशासनिक भूगोलले राजनीतिक शक्ति संरचनामा खस पर्वते उच्च जातको बाहुल्य भएको यथास्थितिवादलाई पक्षपोषण गर्दछ । उदाहरणका लागि सन् १९९७ मा सम्पन्न पछिल्लो स्थानीय निर्वाचनलाई लिन सकिन्छ । ७५ जिल्ला विकास समितिका सभापतिमा ६८ प्रतिशत पहाडी बाहुन र क्षेत्री निर्वाचित भएका थिए । जिल्ला नटुक्र्याई प्रदेशको संरचना गरे प्रदेशको राजनीतिमा पनि पहाडी बाहुन र क्षेत्रीको नेतृत्व विस्तारित हुने सम्भावना हुन्छ । के यस्तो स्थितिले नयाँ नेपालमा परिकल्पना गरेको समावेशी लोकतन्त्र प्राप्त हुन्छ ?

स्वतन्त्र र सार्वभौम राज्यको चार किल्ला भित्रको आन्तरिक सीमा विभाजन तत्कालीन अवस्थामा मुलुकले अङ्गीकार गरेको राष्ट्रिय स्वार्थ अनुरूप हुने गर्दछ । राणाकालमा राज्यको मुख्य काम भनेको शान्ति सुरक्षा कायम गर्नु र भूमिबाट बढीभन्दा बढी राजस्व सङ्कलन गर्नु थियो । यस प्रयोजनका लागि नेपाललाई ३२ प्रशासनिक जिल्लामा विभाजन गर्नु काफी थियो । २०१७ सालको राजनीतिक परिवर्तन पछि देशको मूल उद्देश्य फेरियो; त्यो हो मुलुकलाई एकल साँस्कृतिक राज्यमा ढालेर राष्ट्र निर्माण गर्नु । यो लक्ष हासिल गर्न देशलाई ५ विकास क्षेत्र, १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरियो । राजा, हिन्दू धर्म र नेपाली खस भाषालाई नेपाली राष्ट्रियताका तीन खम्बाको रूपमा ग्रहण गरेर हिमाल, पहाड र तराई सबै ठाउँमा एउटै नारा गुन्जाइयोः "एउटै भाषा एउटै भेष, एउटै राजा एउटै देश ।" तर दोस्रो जन आन्दोलनपछि राष्ट्रिय उद्देश्य फेरिएको छ । त्यो हो सामाजिक विविधतालाई समेटेर समावेशी ढाँचाको राष्ट्र निर्माण गर्ने । यो नयाँ लक्ष्य प्राप्त गर्न संघीय ढाँचामा राज्यको पुनर्संरचना गर्नुपर्ने आवश्यकता ठानिएको छ । तसर्थ यहाँ प्रश्न उठ्दछ, के नयाँ उद्देश्य प्राप्त गर्न पुरानो संरचनाले सघाउ पुऱ्याउँछ ? पुरानै संरचनालाई निरन्तरता दिने हो भने राज्यको पुनर्संरचना कसरी सम्भव हुन्छ ? जहाँसम्म सामर्थ्यलाई मूल आधार बनाई प्रदेशको संरचना गर्ने कुरा छ, यसलाई कुनै पनि संघीय देशको इतिहासले पुष्टि गर्दैन । राष्ट्रिय सुरक्षा बलियो पार्न वा सामाजिक विविधताको व्यवस्थापन गर्न, यी दुईमध्ये कुनै एउटा कारणले मात्र देश संघीयतामा गएका उदाहरण छन् । यो अर्कै कुरा हो कि संघीयतामा गएपछि देशले आर्थिक विकास गरेका उदाहरण सर्वत्र छन् । प्रशासनिक संघीयता जर्मनी जस्ता ठूलो क्षेत्रफल भएका एकल साँस्कृतिक राज्यलाई सुहाउँछ । तर नेपाल जस्तो बहुजातीय देशका लागि यो उत्तम विकल्प हुन सक्दैन । अधिकांश बहुल साँस्कृतिक देशहरूले कि जातीय संघीयतालाई अवलम्बन गरेका छन्, कि त पहिचानमा आधारित संघीयतालाई ।

## पहिचानमा आधारित संघीयता

एकातर्फ जातीय संघीयताको माग, अर्कोतर्फ प्रशासनिक संघीयताका लागि दबाव । यस परिस्थितिमा संविधानसभाको राज्य पुनर्संरचना समिति र राज्य पुनर्संरचना सुझाव उच्चस्तरीय आयोगले बीचको बाटो अंगाले, त्यो हो पहिचानमा आधारित संघीयता । पहिचानमा आधारित संघीयता प्रशासनिक संघीयताभन्दा यस अर्थमा फरक छ कि पहिलोले प्रदेशको नामाङ्कन र सीमाङ्कनमा जातिलाई आधार बनाएको हुन्छ भने दोस्रोले विद्यमान प्रशासनिक भूगोललाई । यी दुईबीच समानता के छ भने दुवैले जातीय आधारमा कुनै समुदायलाई अग्राधिकार वा विशेषाधिकार वा प्रथम अधिकार दिएको हुँदैन । यस्तै विषयमा जातीय संघीयता र पहिचानमा आधारित संघीयता बीचको समानता र भिन्नता देखिन्छ । यी दुई बीचको समानता के हो भने दुवैले प्रदेश निर्माणमा अर्थात् प्रदेशको नामाङ्कन र सीमाङ्कनमा जातिलाई आधार बनाएका हुन्छन् । जातीय संघीयताले खासखास जातिलाई राजनीतिमा अग्राधिकार, प्रशासनमा विशेषाधिकार र प्राकृतिक स्रोतको उपभोगमा प्रथम अधिकार दिएको हुन्छ । तर पहिचानमा आधारित संघीयतामा यस्तो सुविधा कुनै जातिलाई दिइएको हुँदैन । बढीमा बहिष्कृत समुदायलाई आरक्षण र सकारात्मक पहलको व्यवस्था गरिएको हुन्छ । यस अतिरिक्त जातीय संघीयतामा केन्द्रीय राजनीतिक संरचनामा प्रदेशको प्रतिनिधित्व जातीय आधारमा हुन्छ भने पहिचानमा आधारित संघीयतामा गैरजातीय अर्थात् प्रादेशिक क्षेत्रको आधारमा

हुन्छ। नेपालका लागि संविधानसभाको राज्य पुनर्संरचना समिति र राज्य पुनर्संरचना सुझाव आयोगबाट प्रस्तावित संघीयता रूपमा जातीय देखिए पनि सारमा गैरजातीय हो भन्ने कुराको पुष्टि समिति र आयोगबाट प्रस्तावित मस्यौदामा रहेका तल उल्लिखित प्रावधानहरूले स्पष्ट पार्दछन्।

- प्रादेशिक तहमा कुनै पनि जातिको राजनीतिक अग्राधिकार नहुने (आयोग)।
- प्रदेशको राजनीतिक संरचनामा जातजातिको जनसंख्याको अनुपातमा समानुपातिक प्रतिनिधित्व।
- प्रदेशको प्रशासनिक संरचनामा जातीय आधारमा नभई प्रादेशिक आधारमा प्राथमिकता।
- स्थानीय भाषा लगायत नेपाली खस भाषा पनि सबै प्रदेशको सरकारी भाषा।
- जनजाति र मधेशीलाई जस्तै खस-आर्यलाई पनि आत्मनिर्णयको अधिकार।
- प्राकृतिक स्रोतमाथि प्रथम अधिकार आदिवासी जनजातिको मात्र नभई स्थानीय समुदायको पनि।

संविधानसभाको राज्यको पुनर्संरचना समितिले पहिचान र सामर्थ्य त्यसमा पनि पहिचानलाई प्राथमिक आधार बनाएर १४ प्रदेशको प्रस्ताव गरेको छ।

प्रदेश निर्माणको पहिलो आधार पहिचान अन्तर्गत पाँचवटा आधारहरू लिइएका छन्, जुन निम्नानुसार छन्:

(१) जातीय/समुदाय,
(२) भाषिक,
(३) साँस्कृतिक,
(४) भौगोलिक/क्षेत्रगत निरन्तरता,
(५) ऐतिहासिक निरन्तरता।

त्यस्तै, सामर्थ्य अन्तर्गत चार आधार तय गरिएका छन्, जुन निम्नानुसार छन्:

(१) आर्थिक अन्तरसम्बन्ध र सामर्थ्यता,
(२) पूर्वाधार विकासको अवस्था र सम्भावना,
(३) प्राकृतिक साधन र स्रोतको उपलब्धता,
(४) प्रशासनिक सुगमता।

धेरै आधारहरूलाई समान महत्व दिएर संघीय इकाइहरूको विभाजन गर्न सम्भव हुँदैन। भारतले पनि प्रदेश संरचना गर्दा चार आधारहरू (जस्तै राष्ट्रिय एकता र सुरक्षा, भाषिक तथा साँस्कृतिक सघनता, आर्थिक तथा प्रशासनिक क्षमता र विकास योजना कार्यान्वयनमा सहजता) तय गरे पनि भाषिक तथा साँस्कृतिक पक्षलाई मूल आधार बनाएको छ। नेपालले पनि थोरबहुत भारतीय मोडललाई अनुकरण गर्न खोजेको देखिन्छ। सिद्धान्ततः पहिचान अन्तर्गत ५ र सामर्थ्य अन्तर्गत ४ गरी कूल ९ आधार तय गरिएको भएपनि मूलतः पहिचानकै आधारमा प्रदेश निर्माण गरिएको देखिन्छ। राज्यको पुनर्संरचना समितिद्वारा प्रस्तावित १४ प्रदेशलाई तीन समूहमा राख्न सकिन्छ :

(१) आदिवासी जनजातिको जातीय पहिचान केन्द्रित ८ प्रदेश :

(क) लिम्बुवान
(ख) किरात
(ग) शेर्पा
(घ) ताम्सालिङ
(ङ) नेवा
(च) तमुवान
(छ) मगरात
(ज) जडान

(२) जाति, भाषा र क्षेत्रको सम्मिश्रित पहिचानमा बनाइएका २ प्रदेश :

(क) मिथिला-भोजपुरा-कोच मधेस
(ख) लुम्बिनी-अवध-थरुवान

(३) खस-आर्य समूहको साँस्कृतिक पहिचानको आधारमा निर्मित ४ प्रदेश :

(क) सुनकोशी
(ग) नारायणी
(घ) कर्णाली
(ङ) खप्तड

यस अतिरिक्त देशको कूल जनसंख्यामा एक प्रतिशतभन्दा कम भएका अति अल्पसंख्यक जनजातिका लागि उनीहरूको पहिचानमा निर्माण हुने **स्वायत्त क्षेत्र र संरक्षित क्षेत्र**को व्यवस्था गरिएको छ। आदिवासीका लागि यस्तो व्यवस्था अमेरिका, क्यानडा, मेक्सिको, भेनेजुएला,

अस्ट्रेलिया लगायतका मुलुकमा पनि छन्, जसलाई त्रि-संघीयवाद भनेर सम्बोधन गर्ने गरिएको छ ।

प्रदेशको सीमाङ्कनका लागि राज्य पुनर्संरचना समितिले तय गरेको मान्यता के छ भने लक्षित जातिको उपस्थिति बहुसंख्यक वा बाहुल्य हुने गरी प्रदेशको निर्माण गर्ने । प्रस्तावित प्रदेशहरू जाति र भूगोलका दृष्टिले सहज होउन् भन्ने उद्देश्यले ७५ मध्ये २९ जिल्लाको सीमालाई हेरफेर गरिएको छ । सीमाङ्कन गर्दा साँस्कृतिक भूगोलको पुनरावृत्ति गर्ने सोंच राखिएको छ । प्रदेशको सीमाङ्कनका लागि राज्यको पुनर्संरचना समितिले अंगालेको मापदण्ड निम्न अनुसार छन् :

(१) सम्बन्धित प्रदेशको लक्षित जाति/समुदायको वस्तीको झुन्डलाई भौगोलिक निरन्तरता र जातीय सघनता अनुरूप रेखाङ्कन गर्ने । उक्त रेखाङ्कन कार्यबाट एउटा जाति/समुदायको निरन्तर क्षेत्र/झुन्डभित्र परेका फरक जाति/समुदाय र भाषी भए पनि त्यसैभित्र समावेश गरिएको छ ।

(२) गैरलक्षित समुदाय बहुसंख्यक वा बाहुल्य रहेका स्थानहरूलाई जोडिएका सम्बन्धित जुनसुकै प्रदेशमा राख्न सकिने भए तापनि लक्षित जाति संख्यात्मक हिसाबले जता बढी छन्, उतै राख्ने ।

(३) सीमाङ्कन गर्दा प्राकृतिक सीमाना जस्तै नदी, पानीढलो र पहाडलाई आधार मान्ने ।

संविधानसभाको राज्य पुनर्संरचना समितिको मस्यौदामा धेरै कोणबाट आलोचना भयो । त्यसमा पनि प्रदेशको नामाङ्कन र संख्यामा आएका फरक मत उल्लेखनीय छन् । नेपाल जस्तो सानो र अविकसित देशले १४ प्रदेश धान्न सक्दैन भने तर्कलाई अन्तर्राष्ट्रिय अनुभवको कसीमा दाँजेर हेरौं । नेपालको हाराहारीमा जनसंख्या भएको सात संघीय देशहरूमा प्रदेशको संख्या न्यूनतम ६ देखि (अस्ट्रेलिया) अधिकतम २७ सम्म (अर्जेन्टिना) रहेको छ । बाँकी अरू देशमा प्रदेशको संख्या यस प्रकार छ : क्यानडामा १०, मलेसियामा १३, स्पेनमा १७, भेनेजुयलामा २३ र सुडानमा २६ ।

त्यस्तै प्रदेशको नामाङ्कनमा समितिबाट प्रस्तावित एकल पहिचानलाई जातीय संघीयतासँग जोडेर त्यसको विरोध गरिएको छ । यस कुरालाई पनि अन्तर्राष्ट्रिय प्रचलनसँग तुलना गरी हेरौं । जातीय पहिचानका आधारमा प्रदेशको नामाङ्कन हुँदैमा त्यसलाई जातीय संघीयता भन्न मिल्दैन भन्ने कुराका उदाहरण धेरै छन् । भाषाको आधारमा संरचना भएका भारत र नाइजेरियाका अधिकांश प्रदेशको नामको कुरा छाडौं, जातीयताको लेस एकदम कम भएका अमेरिका, जर्मनी, पाकिस्तान, दक्षिण अफ्रिका, क्यानडा, रुस आदि संघीय देशहरूका कैयौं प्रदेशको नाम जातीय वा भाषिक पहिचानको आधारमा राखिएको छ । तर भारत, नाइजेरिया लगायत यी कुनै पनि देशलाई जातीय संघात्मक राष्ट्र मानिदैन । यसबाट के बुझिन्छ भने गैरजातीय संघीय देशहरूले पनि प्रदेशको नामकरण गर्दा आफ्नो देशको सामाजिक, भाषिक वा क्षेत्रगत विविधतालाई सम्बोधन गरेका छन् । त्यसमा पनि नेपाल त बहुजातीय, बहुभाषिक र बहुसाँस्कृतिक देश हो । सामाजिक विविधताको राष्ट्रिय चरित्रलाई कदर गरेर प्रदेशको नामकरण हुनु कुनै पनि अर्थमा अस्वभाविक होइन । किनभने कुनै मानिस, समुदाय वा ठाउँको नाम संस्कृति निरपेक्ष हुँदैन । हजारौं वर्षदेखि भाषामा संस्कृतीकरण भएको र धर्ममा हिन्दूकरण भएकोले नेपालमा प्रदेशको नाममा विवाद आएको हो । यस इतिहासको विरासतभन्दा माथि उठेर नेपाल एक बहुजातीय राज्य हो भन्ने सत्यलाई भित्रैबाट स्वीकार्ने हो र जातीय, क्षेत्रीय, भाषिक र धार्मिक विविधतालाई सम्बोधन गर्ने एउटा उत्तम माध्यम भनेको **संघीय पद्धति** अपनाउनु हो भन्ने कुरालाई स्वीकार्ने हो भने प्रदेशको नामाङ्कनमा आएको विवादमा त्यति ओजन छैन । समग्रमा हेर्दा नामाङ्कनको सवालमा कुनै खास समुदायको पहिचानलाई ओझेलमा राख्न खोजिएको पनि छैन । प्रस्तावित १४ मध्ये ४ प्रदेशको नाम सुनकोशी, नारायणी, कर्णाली र खप्तड खस-आर्यका साँस्कृतिक पहिचानसँग जोडिएका छन् । नामाङ्कनको कुरा राज्य पुनर्संरचना समितिले सर्वसम्मतिबाट पारित गरेको सिद्धान्तसँग पनि जोडिएको विषय हो अर्थात् प्रदेश निर्माणको आधार पहिचान र सामर्थ्य । त्यसमा पनि पहिचान प्राथमिक आधार हो । पहिचानका लागि तय भएका ५ आधारहरू जातीय/समुदाय, भाषिक, साँस्कृतिक, भौगोलिक/क्षेत्रगत निरन्तरता, ऐतिहासिक निरन्तरताले पनि प्रदेशको नाम लक्षित जातिको पहिचानसँग जोडेर राखिनु स्वाभाविक देखिन्छ ।

## प्रदेश निर्माणको आधार

१. समिति : पहिचान र सामर्थ्य, प्रथामिक आधार पहिचान

| | |
|---|---|
| प्रमुख पहिचान : | १. जातीय/समुदाय, २. भाषिक र ३. साँस्कृतिक |
| सहायक पहिचान : | १. भौगोलिक/क्षेत्रगत निरन्तरता (सीमाङ्कनको आधार), २. ऐतिहासिक निरन्तरता (जातीय वा भाषिक वा साँस्कृतिक समुदायको बसोवासको ऐतिहासिक निरन्तरता) |
| सहायक आधार सामर्थ्य : | १. आर्थिक अन्तरसम्बन्ध र सामर्थ्य, २. पूर्वाधार विकासको अवस्था तथा सम्भावना, ३. प्राकृतिक स्रोतसाधनको उपलब्धता, ४. प्रशासनिक सुगमता |
| २. आयोग : | सामर्थ्यसहितको पहिचान |
| ३. फरक मत : | सामर्थ्य प्रधान, पहिचान गौण |

## किन नेपाललाई संघीय राज्यमा रुपान्तरित गर्नु पर्‍यो ?

१. एकत्वको राष्ट्रवादले सामाजिक विविधता, जातीय असमानता र विभेदमा परिणत हुन गए ।

२. संघीय नेपालको जननी :

(क) जातीय स्वशासनको नारासहित भएको जनजाति आन्दोलन,

(ख) मधेशमा उत्पन्न क्षेत्रीय राष्ट्रवाद,

(ग) जनयुद्धताका माओवादीले प्रतिपादन गरेको वर्गीय शोषण र जातीय उत्पीडनको सफल संयोजनको पृष्ठभूमिमा घोषणा गरेको संघीय नेपालको उद्देश्य ।

३. जातीय असमानता र विभेदको अन्त्यको लागि संघीयता : जातीय, भाषिक, साँस्कृतिक, क्षेत्रीय (लैङ्गिक, वर्गीय, धार्मिक) भेदभावको अन्त्य गर्न राज्यको केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक संघीय शासन प्रणालीसहितको अग्रगामी पुनसंरचना गरिनेछ । (अन्तरिम संविधान, धारा १३८)

४. मधेशी जनता लगायत आदिवासी जनजाति र पीछीडिएका तथा अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेशको चाहनालाई स्वीकार गरी 'नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य' हुनेछ । (अन्तरिम संविधान, धारा १३८ (१ क)

५. मधेश, लिम्बुवान, खम्बुवान, तामसालिङ, थरुहट आदि प्रदेशको किटानीसाथ सरकारले सरोकारवाला समूहहरूसँग प्रथम संविधानसभा निर्वाचन अघि गरिएका सम्झौताहरू । तसर्थ, पहिचान र सामर्थ्यमध्ये पहिचान प्रदेश निर्माणको प्राथमिक आधार भएको देखिन्छ ।

# Assimilation Produced Inequality among Social Groups

| | Groups | Social Hierarchy | HDI ¤ (538) | PI ¤¤ (25%) | GI (%) ¤¤¤ |
|---|---|---|---|---|---|
| 1. | H. Brahmin | high | 557 | 10 | 66 (+34) |
| 2. | H. Chhetri | high | 507 | 23 | - |
| 3. | M. Caste | middle | 460* | 29 | 15 (-13) |
| 4. | IPs | middle | 482** | 27 | 11 (-20) |
| 5. | Dalit | low | 434 | 41 | 1 (-12) |
| 6. | Muslim | low | 422 | 20 | NA |

There is overlapping of high social status, economic well being and political domination.

Inter-group relation is formed on the basis on inequality, one in dominant position and others' submission to disadvantages position, for which we portrait as 'social harmony'
(quote: milera baseko hoina sahera baseko)

*Excluding badka jat. ** Excluding Newar and Thakali
¤ Human Development Index ¤¤ Poverty Index ¤¤¤ Governance Index

## संघीय नेपालको प्रस्तावना: आरोह अवरोह

| | चक्र | खोजी | पृष्ठभूमि/अवस्था |
|---|---|---|---|
| १. | प्रारम्भ | जातीय संघीयता | आन्दोलन/विद्रोह |
| २. | परिमार्जन | पहिचानजनित संघीयता | सम्वाद/शक्ति संतुलन (मामज)# |
| ३. | बैठान (सम्भावित) | क्षेत्रीय संघीयता | भोटबाट निर्णय/शक्ति संतुलन (काँएरा)## |
| ४. | पुन: उठान | जातीय संघीयता | विद्रोह/संविधानको मस्यौदा आएपछि |

चौथो चक्रमा मूलकर्ता जातीय संगठन (Ethnic Organization) नभई राष्ट्रिय समूह (Nationalities Groups) हुने सम्भावना हुन्छ।

# माओवादी, मधेशी, जनजाति ## कांग्रेस, एमाले, राप्रपा




**International Work Group for Indigenous Affairs (IWGIA)**
Classengade 11 E, DK 2100
Copenhagen, Denmark
Phone No.: (+45) 35270500
Fax No.: (+45) 35 270507
Email:iwgia@iwgia.com

**नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)**
अनामनगर-घट्टेकुलो, काठमाडौं
फोन: ९७७ ०१ ४७७०७१०
P. O. Box No.:11179
Emai: lahurnip.nepal@gmail.com
URL:www.lahurnip.org



**International Work Group for Indigenous Affairs (IWGIA) को आर्थिक सहयोगमा**
**नेपालका आदिवासीहरुको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)द्वारा प्रकाशित/सम्पादित**
**ले-आउटः यति इन्टरप्राइजेज मो.९८५१०८४३९३, मुद्रणः हिसी अफसेट प्रिन्टर्स फोनः४२२६४१६**